# कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको

## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५/०५/१५)

यस नगरपालिकाको निम्नानुसारको योजना सिलवन्दी बोलपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, व्यवशाय कर प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।

२) सिलबन्दी बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन कार्यालय समय भित्र खरीद गरी ३१ औं दिन, दिनको १२:०० बजेसम्ममा नगरपालिका कार्यालय दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी बोलपत्रहरु निजको वारेसको उपस्थितिमा ३१ औं दिन नगरकार्यपालिका कार्यालयमा अपरान्ह ५:०० बजे खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) सिलबन्दी बोलपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले **जारी गरेको** कम्तीमा ९० दिन मान्य अवधी रहेको बैंक जमानी पत्र संलग्न भएको हुनुपर्नेछ ।

६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।

७) प्रस्तावित कार्यको निमित्त आवश्यक अनुभव, जनशक्तिको आवश्यक कार्यदक्षता तथा योग्यता, प्राविधिक मालसामान तथा उपकरणहरुको विवरण, आर्थिक दक्षताको विवरण एवं निर्माण कार्य तालिका बोलपत्रसाथ संलग्न हुनुपर्नेछ ।

८) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

९) यस बोलपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।

१०) बोलपत्र स्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरकार्यपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

११) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | KRM 02 | ताहाँल्चा - कीर्तिपुर गेट सडक पेटी र बाटो मर्मत | ४९,१५,५००.०० | ३०००।- |

**कीर्तिपुर नगरपालिका**